# धार्चे गाउँपालिकाको विनियोजन ऐन, २०७८

## गाउँ सभाबाट स्वीकृत भएको मितिः २०७८।०३।११

धार्चे गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः धार्चे गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनिययोजन गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप– धारा (२) बमोजिम धार्चे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ - यो ऐनको नाम " धार्चे गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ।

२. आर्थिक बर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार -(१) आर्थिक बर्ष ०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित नेपाल सरकारबाट सशर्त अनुदान तर्फ १४ करोड ८१ लाख रुपैया र वित्तीय समानिकरण अनुदान तर्फ रु.९ करोड ३६ लाख , राजस्व बाँडफाँडवाट प्राप्त रकम रु ७ करोड ५३ लाख ७ हजार, प्रदेश सरकारवाट वितिय समानिकरण अनुदान तर्फ रु १ करोड ५ लाख ८ हजार, विशेष अनुदान तर्फ रु ३० लाख , समपुरक अनुदान तर्फ ७० लाख, राजस्व बाँडफाँड वापत रु ४९ लाख ८५ हजार, आन्तरिक राजश्वबाट रु. ३० लाख (अनुमानित) र अघिल्लो आ.व.को मौज्दात र अल्याह सहित रु १० करोड (अनुमानित) गरी जम्मा ४४ करोड ५५ लाख रुपैंयामा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजन - (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७८।०७९ को निमित्त धार्चे गाउँपालिकाको गाउँ कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपूग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकवाट नपूग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

CamScanner

अनुसूची १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका तथा विषयगत शाखा र वडा कार्यालय समेत (संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान बाहेक) | १४,३४,००,००० | १५,४०,००,००० | | २९,७४,००,००० |
| २ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | | ० |
| ३ | | लगानी–शेयर/ ऋण | ० | ० | | ० |
| ४ | | शशर्त अनुदान | १४,०८,००,००० | ७३,००,००० | | १४,८१,००,००० |
| जम्मा | | | | | | ४४,५५,००,००० |

आज्ञाले

राम बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner